# खानीखोला गाउँपालिका

काभ्रेपलाञ्चोक जिल्ला, वाग्मती प्रदेश

# खानीखोला गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड : ७ संख्या : ६० मिति : २०८०/०५/१०


# भाग-२

# खानीखोला गाउँपालिका ब्याक ह्वो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

# खानीखोला गाउँपालिका ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०५/०३

प्रमाणीकरण मिति : २०८०/०५/०५

**प्रस्तावनाः**

खानीखोला गाउँपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत स्थानीय गाउँपालिकाबासी नागरिक, सङ्घ संस्था, नेपाल सरकार, दातृ निकाय तथा छिमेकी गाउँपालिका र नगरपालिकाद्वारा सञ्चालित विकास आयोजनाहरुमा माग भए अनुसार सशुल्क प्रयोग गर्नका लागि यस गाउँपालिकाको ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० नेपालको संविधान, २०७२ को धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) र खानीखोला गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायको शर्त तथा बन्देजहरुको अधीनमा रही सञ्चालन गर्ने गराउने गरी यो कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "खानीखोला गाउँपालिका ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले खानीखोला गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँसभा" भन्नाले खानीखोला गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(घ) "गाउँकार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २ (ङ) मा भएको उल्लेखित व्यवस्था बमोजिमको खानीखोला गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले खानीखोला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(च) "उपाध्यक्ष" भन्नाले खानीखोला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(छ) "संयोजक" भन्नाले यस कार्यविधिको दफा (१०) बमोजिम गठित ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन समितिका संयोजकलाई सम्झनु पर्दछ ।

(ज) "कार्यालय" भन्नाले खानीखोला गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खानीखोला गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ञ) "इन्जिनियर" भन्नाले खानीखोला गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत इन्जिनियरलाई सम्झनु पर्दछ ।

(ट) "आर्थिक प्रशासन शाखा" भन्नाले खानीखोला गाउँकार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखालाई सम्झनु पर्दछ ।

(ठ) "लेखा प्रमुख" भन्नाले आर्थिक प्रशासन शाखामा कार्यरत लेखा अधिकृतलाई सम्झनु पर्दछ । सो शब्दले लेखा

अधिकृतको पद रिक्त रहेको अवस्थामा लेखापाल वा सह-लेखापाल समेतलाई जनाउँदछ ।

(ड) "जिन्सी शाखा" भन्नाले खानीखोला गाउँकार्यपालिकाको कार्यालयको जिन्सी शाखा सम्झनु पर्दछ ।

(ढ) "जिन्सी शाखा प्रमुख" भन्नाले खानीखोला गाउँकार्यपालिकाको कार्यालयको जिन्सी शाखा सम्बन्धी कार्य जिम्मेवारी सम्हाल्ने गरी प्रमुख प्रशासकीय अधिकृतद्वारा खटाइएको स्थायी कर्मचारीलाई सम्झनु पर्दछ ।

(ण) "योजना शाखा" भन्नाले खानीखोला गाउँकार्यपालिकाको कार्यालयको योजना शाखालाई सम्झनु पर्दछ ।

(त) "योजना शाखा प्रमुख" भन्नाले खानीखोला गाउँकार्यपालिकाको कार्यालयको योजना शाखा सम्बन्धी कार्य जिम्मेवारी सम्हाल्ने गरी प्रमुख प्रशासकीय अधिकृतद्वारा खटाइएको स्थायी कर्मचारीलाई सम्झनु पर्दछ ।

(थ) "वडा" भन्नाले खानीखोला गाउँपालिकाको वडा सम्झनु पर्दछ ।

(द) "वडा अध्यक्ष" भन्नाले खानीखोला गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ध) "पूर्वाधार विकास समिति" भन्नाले खानीखोला गाउँपालिकाको पूर्वाधार विकास समितिलाई सम्झनु पर्दछ ।

(न) "पूर्वाधार विकास समितिका संयोजक" भन्नाले खानीखोला गाउँपालिकाको पूर्वाधार विकास समितिका संयोजकलाई सम्झनु पर्दछ ।

(प) "कोष" भन्नाले गाउँपालिकाको ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन गर्न गाउँपालिकाको खाता सञ्चालन रहेको सम्बन्धित बैंकमा गाउँपालिकाले छुट्टै स्थापना गरेको दफा (७) बमोजिमको कोषलाई सम्झनु पर्दछ ।

(फ) "प्राविधिक" भन्नाले खानीखोला गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत इन्जिनियर, सव-इन्जिनियर र असिस्टेन्ट सव-इन्जिनियरलाई समेत सम्झनु पर्दछ ।

(ब) "मेसिन" भन्नाले खानीखोला गाउँपालिकाको ब्याक व्हो लोडरलाई सम्झनु पर्दछ ।

(भ) "अपरेटर" भन्नाले स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी नमूना कार्यविधि, २०७५ बमोजिम खुला प्रतिस्पर्धाद्वारा छनौट भई नियुक्त मेसिन वा खानीखोला गाउँपालिकाको ब्याक व्हो लोडर चालकलाई सम्झनु पर्दछ ।

(म) "उपभोक्ता समिति" भन्नाले खानीखोला गाउँपालिकामा सञ्चालन हुने योजना, आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न उपभोक्ता समिति गठन एवम् योजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम उपभोक्ता समिति गठन सम्बन्धी खानीखोला गाउँपालिकाका स्थायी बासिन्दाको आम भेलामा गाउँपालिका वा वडाको निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीको रोहबर र सिफारिसबाट गठित समितिलाई सम्झनु पर्दछ । सो शब्दले उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि सहितको पुष्ट्याइँ गर्ने कागजात लगायतको छिमेकी गाउँपालिका वा नगरपालिकाबाट सिफारिस भई आएको अन्य छिमेकी गाउँपालिका वा नगरपालिकाको उपभोक्ता समिति समेतलाई जनाउँदछ ।

(य) "स्थानीय दररेट" भन्नाले प्रत्येक आर्थिक वर्षका लागि जिल्ला दररेट निर्धारण समिति, काभ्रेपलाञ्चोकले निर्धारण गरेको दररेटलाई सम्झनु पर्दछ ।

(र) "आन्तरिक लेखा परीक्षण इकाइ" भन्नाले खानीखोला गाउँपालिकाको आन्तरिक लेखा परीक्षण इकाइ सम्झनु पर्दछ ।

(ल) "अन्य सङ्घ संस्था" भन्नाले नेपाल सरकारको कार्यालय, निजी क्षेत्र, नगरपालिका, गाउँपालिका, गैर सरकारीसंस्था, शिक्षण संस्था वा यस्तै अन्य संस्था सम्झनु पर्दछ ।

(व) "कार्य दिन" भन्नाले आठ घण्टा बराबरको समयावधिलाई १ (एक) कार्य दिन सम्झनु पर्दछ ।

(स) "अनुगमन समिति" भन्नाले उपाध्यक्षको संयोजकत्वको गाउँपालिकास्तरीय अनुगमन समितिलाई सम्झनु पर्दछ ।

३. **उद्देश्य :** खानीखोला गाउँकार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने सडक निर्माण तथा मर्मत सम्भार लगायत भौतिक पूर्वाधार विकासका आयोजनाहरु, खानीखोला गाउँपालिकाबासी जनता तथा आम नागरिक, उपभोक्ता समिति, विभिन्न गैर सरकारी सङ्घ संस्था, नेपाल सरकार, दातृ निकायहरु र छिमेकी गाउँपालिका तथा नगरपालिकाहरुबाट सञ्चालित विकास आयोजनाहरुमा माग भए अनुसार प्राथमिकताका आधारमा ब्याक ह्वो लोडर पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु नै यस कार्यविधिको मुख्य उद्देश्य रहेको छ ।

## परिच्छेद-२
## ब्याक ह्वो लोडर सञ्चालन प्रक्रिया

४. **गाउँपालिकाको आवश्यकता अनुसार ब्याक ह्वो लोडर सञ्चालन विधि :** खानीखोला गाउँकार्यपालिकाको कार्यालयमा रहेको ब्याक ह्वो लोडर सञ्चालनका लागि देहायका प्रक्रिया पूरा भए पश्चात मात्र फिल्डमा खटाइनेछ :-

(१) ब्याक व्हो लोडरको उपयोग सामान्यतया खानीखोला गाउँपालिकाभित्र सम्पादन गरिने  सडकहरुको निर्माण, मर्मत तथा संभार, भवन निर्माण लगायत भौतिक पूर्वाधार विकासका कार्यहरुको लागि गरिनेछ तर अन्य गाउँपालिका वा नगरपालिका कार्यालयहरुले माग गरेको खण्डमा दोस्रो प्राथमिकतामा उपलब्ध गराउन सकिनेछ ।

(२) ब्याक व्हो लोडर सञ्चालन गर्दा देहायको योजनालाई प्राथमिकता दिइनेछ :-

(क) खानीखोला गाउँपालिकाको स्रोत र साधनबाट सञ्चालन गरिने योजना ।

(ख) अन्य सङ्घ संस्थाको स्रोत तथा साधनबाट सञ्चालन गरिने योजना ।

(३) ब्याक व्हो लोडर माग तथा सञ्चालन गर्ने कार्यविधि : ब्याक व्हो लोडर माग गर्ने उपभोक्ता  समिति, निकाय वा अन्य सङ्घ संस्था वा व्यक्तिले देहायको विवरण संलग्न गरी अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) सम्बन्धित उपभोक्ता समिति वा अन्य सङ्घ संस्थाको निर्णयको प्रतिलिपि ।

(ख) योजनाको सम्झौता पत्र

(ग) आयोजनाको लागत अनुमानको प्रतिलिपि ।

(घ) काम हुने सम्बन्धित गाउँपालिका वा नगरपालिका र वडा कार्यालयको सिफारिस ।

(४) ब्याक  व्हो लोडर माग सम्बन्धी  निवेदन  सञ्चालन तथा व्यवस्थापन समितिबाट स्वीकृत भएपछि सोको जानकारी उपभोक्ता वा सम्बन्धित सरकारी निकाय वा सङ्घ संस्थालाई दिइनेछ । यसरी जानकारी प्राप्त भएपछि उपभोक्ता समिति, निकाय वा अन्य सङ्घ संस्था वा व्यक्तिले अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्न आउनु पर्नेछ ।

(५) गाउँपालिका अन्तर्गतका सडकहरुको मर्मत सम्भार गर्नु पर्ने भएमा वा गाउँपालिका अन्तर्गत पूर्वाधार विकास गर्नु पर्ने भएमा ब्याक व्हो लोडर सञ्चालन हुने आयोजना स्थल स्पष्ट खुलाई व्यक्ति, समूह, सङ्घ संस्था, छिमेकी गाउँपालिका वा नगरपालिका, उपभोक्ता समिति, निर्माण व्यवसायीबाट गाउँकार्यपालिकाको कार्यालयको योजना शाखामा अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त पेश गर्नु पर्नेछ ।

(६) उपदफा (३) र (५) बमोजिम दरखास्त साथ सिफारिस प्राप्त भए पश्चात् आयोजना स्थलमा तोकिएका प्राविधिकले स्थलगत नापजाँच गरी लागत अनुमान तयार पारी इन्जिनियरबाट स्वीकृत गराई सम्बन्धित इन्जिनियरले प्रमुख प्रशासकीय अधिकृतलाई अवगत गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको स्वीकृत लागत अनुमान बमोजिम सञ्चालन तथा व्यवस्थापन समितिको संयोजकको आदेशानुसार योजना शाखा प्रमुखले अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गराई अनुसूची-७ बमोजिमको ढाँचामा मेसिन फिल्डमा खटाउन कार्यादेश जारी गरी सो सम्बन्धी जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई अवगत गराउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम मेसिन फिल्डमा खटिएकोमा आयोजनाको कार्य सम्पन्न भइ सके पश्चात् फिल्डमा कार्य सुरु हुनु पूर्व, कार्य भइरहेको मध्य वा बीचको र कार्य सम्पन्न भए पश्चात्का तस्विरहरु अपरेटरले योजना शाखामा पेश गर्नु पर्नेछ ।

(९) मेसिन खटिई गएको आयोजना स्थलमा कार्य सम्पन्न गरी कार्यालयमा आई पुग्नासाथ मेसिन अपरेटरले कार्य विवरण सहित मिटरका अद्यावधिक अभिलेख सहितको अनुसूची-३ बमोजिमको ढाँचामा लगबुक योजना शाखामा पेश गर्नु पर्नेछ ।

(१०) योजना शाखाले उपदफा (३) देखि (९) बमोजिमका अभिलेखहरुको १/१ (एक/एक) प्रति प्रतिलिपि योजना शाखामा

सुरक्षित राखी सोको सक्कल आर्थिक प्रशासन शाखामा पेश गर्नु पर्नेछ ।

(११) गाउँपालिका सडक यातायात गुरु योजना (Municipal Transportation Master Plan-MTMP) समावेश नभएका सडकहरुको नयाँ ट्र्याक खोल्ने, मर्मत सम्भार लगायत अन्य जुनसुकै कार्यमा समेत मेसिन सञ्चालन गरिने छैन ।

(१२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद्का कारणबाट अवरुद्ध सडक सुचारु गर्न वा विपद् व्यवस्थापनका कार्यमा प्रयोग गर्नु परेमा संयोजकको आदेशले वा संयोजकको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृतको तोक आदेश बमोजिम फिल्डमा मेसिन खटाई यस दफा बमोजिमको प्रक्रिया पूरा गरी सोको अभिलेख राखी कार्यान्वयन गर्न कुनै बाधा पर्ने छैन ।

५. **ब्याक व्हो लोडर भाडामा लिँदा दिँदा अपनाउनु पर्ने कार्यविधि :** खानीखोला गाउँकार्यपालिकाको कार्यालयमा रहेको ब्याक व्हो लोडर भाडामा लिँदा दिँदा देहाय बमोजिमको कार्यविधि अपनाइनेछ :-

(१) ब्याक व्हो लोडर सञ्चालक समितिका संयोजकको सिफारिसमा वा सञ्चालक समितिको संययोजकको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृतको तोक आदेशमा उपभोक्ता समिति, अन्य सङ्घ संस्था वा व्यक्तिलाई भाडामा उपलब्ध गराइनेछ । यदि कुनै अर्कै स्थानीय तहमा काम गर्न माग भई आएमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालयको सिफारिसमा भाडामा उपलब्ध गराउन सकिनेछ ।

(२) ब्याक व्हो लोडर भाडाका लागि माग गर्ने व्यक्ति, समूह, अन्य सङ्घ संस्था, छिमेकी गाउँपालिका वा नगरपालिका, उपभोक्ता समिति, निर्माण व्यवसायीले आफ्नो कामको

शिलशिलामा ब्याक व्हो लोडर भाडामा लिन चाहेमा आयोजना स्थल स्पष्ट खुलाई गाउँकार्यपालिकाको कार्यालयको योजना शाखामा अनुसूची-१ बमोजिमको ढाँचामा देहायको विवरण संलग्न राखी दरखास्त निवेदन पेश गर्नु पर्नेछ ।

(क) प्रचलित कानुन बमोजिम दर्तावाला संस्था, कम्पनी वा फर्म भए सो को प्रमाण पत्र ।

(ख) ब्याक व्हो लोडर प्रयोग हुने योजना वा कार्यको स्पष्ट विवरण ।

(ग) सरकारी योजना भए योजना वा ठेक्का स्वीकृत भएको पत्र, लागत अनुमान र कार्यादेश ।

(घ) व्यक्तिगत प्रयोजनको लागि भए नागरिकता प्रमाण पत्रको सक्कल सहित सोको प्रतिलिपि र उद्येश्य खुलेको निवेदन ।

(३) ब्याक व्हो लोडर भाडाका लागि माग गर्ने व्यक्ति, समूह, सङ्घ संस्था, छिमेकी गाउँपालिका वा नगरपालिका, उपभोक्ता समिति, निर्माण व्यवसायीको दरखास्त उपर संयोजकको आदेशले वा संयोजकको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृतबाट तोक आदेश भए पश्चात् मेसिन माग गरिएको समय र सो बराबरको दफा (६) को स्थानीय दररेट बमोजिमको स्थानीय भाडा रकम कार्यालयले तोकेको बैंकमा जम्मा गरेको सक्कलै भौचर अग्रीम रुपमा योजना शाखामा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको प्रक्रिया पूरा भए पश्चात् गाउँपालिकाको पूर्वाधार विकास निर्माणको कार्यलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको दरखास्त र कार्य प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकता क्रमका आधारमा योजना शाखा प्रमुखले मेसिन फिल्डमा खटाउन अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गराई अनुसूची-७ बमोजिमको ढाँचामा कार्यादेश जारी

गरी सो सम्बन्धी जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई अवगत गराउनु पर्नेछ ।

(५) ब्याक व्हो लोडर अपरेटरलाई कार्यालको स्वीकृत लिखित आदेश बाहेक यो वा त्यो बहानामा अन्यत्र कुनै पनि स्थान विशेषमा मेसिन लगी कार्य गर्ने गराउने अधिकार रहने छैन ।

(६) दरखास्त दिने निवेदकले माग गरेको समयभन्दा बढी समयसम्म कार्य गर्नु गराउनु पर्ने भएमा मेसिन अपरेटरले कम्तिमा २४ (चौबीस) घण्टा अगावै संयोजक, प्रमुख प्रशासकीय अधिकृत र योजना शाखा प्रमुखलाई अवगत गराई दफा (६) को स्थानीय दररेट बमोजिमको थप भाडा रकम कार्यालयले तोकेको बैंकमा अग्रीम दाखिला गर्न लगाई सोको सक्कलै बैंक भौचर योजना शाखामा पेश भए पश्चात् योजना शाखाबाट थप कार्यादेश लिएर मात्र थप बढी समयका लागि मेसिन सञ्चालन गर्नु गराउनु पर्नेछ ।

(७) मेसिन भाडामा फिल्डमा खटाउँदा कार्यालयको कम्पाउन्डदेखि कार्य सम्पन्न गरी कार्यालयको हाताभित्र सम्म आइपुग्दाको समय सम्मको गणना गरी दफा (६) को स्थानीय दररेट बमोजिमको स्थानीय भाडा रकम मेसिन भाडामा लिने व्यक्ति, समूह, अन्य सङ्घ संस्था, छिमेकी गाउँपालिका वा नगरपालिका, उपभोक्ता समिति, निर्माण व्यवसायीले कार्यालयले तोकेको बैंकमा भाडा रकम जम्मा गरेको सक्कलै बैंक भौचर अग्रीम रुपमा योजना शाखामा पेश गर्नु पर्नेछ । प्राविधिक लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन बमोजिम यसरी अग्रीम दाखिला गरेको भाडा रकमले खामेमा पुनः भाडा रकम दाखिला गर्नु पर्ने छैन वा यो उपदफा लागू हुने छैन ।

(८) उपदफा (४) बमोजिम मेसिन भाडामा फिल्डमा खटाइएकोमा आयोजनाको कार्य सम्पन्न भइ सके पश्चात् फिल्डमा कार्य सुरु हुनु पूर्व, कार्य भइरहेको मध्य वा बीचको र

कार्य सम्पन्न भए पश्चात्का तस्विरहरु अपरेटरले योजना शाखामा पेश गर्नु पर्नेछ ।

(९) मेसिन भाडामा खटिई गएको आयोजना स्थलमा कार्य सम्पन्न गरी कार्यालयमा आइ पुग्नासाथ मेसिन अपरेटरले कार्य विवरण सहित मिटरका अद्यावधिक अभिलेख सहितको अनुसूची-३ बमोजिमको ढाँचामा लगबुक योजना शाखामा पेश गर्नु पर्नेछ ।

(१०) मेसिन भाडाको कार्यमा खटिई निवेदकले दरखास्त सहित माग गरी तोकिएको समयभन्दा अगाडि नै कार्य सम्पन्न भई मेसिन भाडामा लिने व्यक्ति, समूह, अन्य सङ्घ संस्था, छिमेकी गाउँपालिका वा नगरपालिका, उपभोक्ता समिति, निर्माण व्यवसायीको अग्रीम दाखिला गरेको भाडा रकम सञ्चित रहेको खण्डमा मेसिन अपरेटर, योजना शाखा प्रमुख र इन्जिनियर प्राविधिकको सिफारिसका आधारमा मनासिव लागेमा मात्र नियमानुसार उक्त सञ्चित समय वापत हुन आउने सञ्चित भाडा रकम दरखास्तवालाको बैंक खातामा फिर्ता गर्न सकिनेछ ।

(११) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका क्षेत्रभित्र सञ्चालित आयोजनाहरु गाउँपालिकाका उपभोक्ता समिति मार्फत सञ्चालन तथा कार्यान्वयन हुने गाउँपालिकास्तरीय र वडास्तरीय आयोजनाहरुको हकमा मेसिन प्रयोग गर्नु पर्दा प्राविधिकबाट स्वीकृत लागत अनुमान बमोजिम मेसिन प्रयोग गरी आयोजनाको रकम भुक्तानी हुँदा प्राविधिक बिल अनुसार दफा (६) को स्थानीय दररेट बमोजिमको मेसिनको भाडा वापतको रकम कट्टा गरी दफा (७) बमोजिमको कोषमा भाडा रकम जम्मा गरी बाँकी रकम उपभोक्ता समितिको नाममा भुक्तानी गर्न बाधा पर्ने छैन ।

(१२) ब्याक व्हो लोडर सञ्चालन अवधिमा लाग्ने इन्धन खर्च ब्याक हो लोडर योजना स्थलसम्म पुऱ्याउने लैजाने समेत सम्बन्धित उपभोक्ता समिति वा अन्य सङ्घ संस्थाले उपलब्ध

गराउनु पर्नेछ । गाउँपालकिाको मुख्य तथा भित्री सडकहरु मर्मत सम्भार गर्ने उद्देश्यले गाउँपालिकाद्वारा खरिद गरी व्यवस्था गरिएको इन्धन यो वा त्यो बहाना वा कारण देखाई गाउँपालिकाको ब्याक व्हो लोडर बाहेकका अन्य एक्साभेटर, ब्याक व्हो लोडर वा मेसिनमा इन्धन उपलब्ध गराउन पाइने छैन । यसरी अन्य एक्साभेटर, ब्याक व्हो लोडर वा मेसिनलाई इन्धन उपलब्ध गराउन जनप्रतिनिधि वा कर्मचारीले इन्धन व्यवस्थापक जिन्सी शाखा प्रमुखलाई दबाब वा प्रभावमा पार्न पाइने छैन ।

(१३) ब्याक व्हो लोडर रहेको स्थानबाट योजना स्थलसम्म ब्याक व्हो लोडर ढुवानी गरी लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा अन्य सङ्घ संस्थाले व्यहोर्नु पर्नेछ ।

(१४) उपभोक्ता समिति वा अन्य सङ्घ संस्था वा निकायले ब्याक व्हो लोडर भाडामा लगेको अवस्थामा उपभोक्ता समिति वा अन्य सङ्घ संस्था वा निकायको आपसी विवाद, स्थानीयको अवरोध जस्ता कारणले ब्याक व्हो लोडर सञ्चालन हुन नसकी त्यत्तिकै थन्केर बसेमा पनि सम्झौता अनुसार स्थानीय दररेट बमोजिकै दरले भाडा लाग्नेछ ।

(१५) विवाद व्यवस्थापन वा समाधान गर्न उपभोक्ता समिति वा अन्य सङ्घ संस्था वा निकायलाई अधिकतम २४ (चौबीस) घण्टाको समय उलब्ध गराइनेछ ।

(१६) ब्याक व्हो लोडर रहेको स्थानबाट प्रस्थान गरेको मिति र समयदेखि नै ब्याक व्हो लोडरको भाडा रकम गणना हुनेछ ।

६. **ब्याक व्हो लोडर सञ्चालन सेवा शुल्क :** (१) कुनै व्यक्ति, समूह, अन्य सङ्घ संस्था, छिमेकी गाउँपालिका वा नगरपालिका, उपभोक्ता समिति, निर्माण व्यवसायीबाट मेसिन माग भई आएमा सोको लागि लाग्ने देहाय बमोजिमको सेवा शुल्क कार्यालयले

तोकेको बैँक खातामा अग्रीम दाखिला गरी सोको सक्कलै बैँक भौचर योजना शाखामा पेश गर्नु पर्नेछ :-

| **क्र.सं.** | **कामको प्रकार** | **ब्याक ह्वो लोडर** | **कैफियत** |
|---|---|---|---|
| १. | खानीखोला गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरु | स्थानीय दररेट बमोजिम । | |
| २. | खानीखोला गाउँपालिका क्षेत्रभित्र अन्य व्यक्ति, निकाय र ठेक्कापट्टा मार्फत सञ्चालित योजनाहरु | स्थानीय दररेटमा थप १०% (दस प्रतिशत) | |

(२) माथि तालिकामा उल्लेखित बुँदाहरुभित्र इन्धन लगायत लाग्ने अपरेटर र सहायक अपरेटरको भत्ता, अपरेटर र सहायक अपरेटरको खाना, चियाँ नास्ता तथा खाजा, आवास लगायत अन्य सम्बन्धित खर्चहरु प्रयोगकर्ता स्वयम्ले व्यहोर्नु पर्नेछ ।

## ७. ब्याक ह्वो लोडर सञ्चालन तथा व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

(१) खानीखोला गाउँपालिकामा रहेको ब्याक ह्वो लोडर सञ्चालनका लागि एक कोष स्थापना गरिनेछ । उक्त कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम आम्दानी बाँधिनेछ :-

(क) ब्याक ह्वो लोडर सञ्चालन वापतको सबै प्रकारको आम्दानी,

(ख) गाउँसभाबाट विनियोजित रकम,

(ग) ब्याक व्हो लोडरकै लागि भनेर कुनै व्यक्ति, समूह, अन्य सङ्घ संस्था, छिमेकी गाउँपालिका वा नगरपालिका, उपभोक्ता समिति, निर्माण व्यवसायीबाट दान, दातव्य, चन्दा, उपहार आदि वापत प्राप्त सहयोग रकम,

(घ) ब्याक व्हो लोडरकै लागि भनेर नेपाल सरकारबाट प्राप्त सहयोग रकम,

(ङ) ब्याक व्हो लोडरकै लागि भनेर प्रदेश सरकारबाट प्राप्त सहयोग रकम,

(च) ब्याक व्हो लोडरकै लागि भनेर स्वदेशी तथा विदेशी दातृ निकायबाट प्राप्त सहयोग रकम ।

(३) कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गर्न सकिनेछ :-

(क) ब्याक व्हो लोडर सञ्चालन मर्मत सम्भार तथा इन्धन वापतको खर्च रकम,

(ख) मेसिन अपरेटरको तलब भत्ता वापत भुक्तानी गर्दाको खर्च रकम, (छुट्टै भत्ता वापतको रकम भुक्तानीका लागि दफा १० बमोजिमको सञ्चालक समितिको बैठकको निर्णय र अनुसूची-३ बमोजिमको प्रमाणित लगबुक आर्थिक प्रशासन शाखामा पेश गर्नु पर्नेछ ।)

(ग) मेसिन सञ्चालन गरे वापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर वापतको रकम,

(घ) मेसिन सञ्चालन गर्दा आइपर्ने विविध तथा भैपरी खर्च रकम,

(४) कोषको लेखा परीक्षण प्रचलित कानुन बमोजिम कार्यालयको आन्तरिक लेखा परीक्षण इकाइ र महालेखा परीक्षकबाट हुनेछ ।

(५) प्रत्येक आर्थिक वर्षको अन्त्यमा कोषबाट खर्च भएर बाँकी रहेको रकम आन्तरिक आम्दानीका रुपमा गाउँपालिकाको सञ्चित कोषमा आम्दानी बाँधिनेछ ।

**८. ब्याक व्हो लोडर इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था**

(१) मेसिन अपरेटरले इन्धन तथा लुब्रिकेन्टस् माग गर्दा कार्यालयमा रहेको मलेप फाराम भरी जिन्सी शाखा प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । मेसिन अपरेटरले इन्धन तथा लुब्रिकेन्ट्स खपत सम्बन्धी लगत अद्यावधिक गरी इन्जिनियरको सिफारिस सहित जिन्सी शाखा प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) मेसिनको इन्धन तथा लुब्रिकेन्ट्स र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत जिन्सी शाखा प्रमुखले आफ्नो जिन्सी शाखामा अद्यावधिक गरी राख्नु पर्नेछ ।

(३) मेसिन बिग्रिई सञ्चालन गर्न नसकिने भएमा अपरेटरले अनुसूची-४ बमोजिमको ढाँचामा मर्मत आदेश भरी जिन्सी शाखा प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको मर्मत आदेश माग भई मर्मत सम्बन्धी जानकारी भए पश्चात् जिन्सी शाखा प्रमुखले वर्कसपमा चेकजाँच गराई मर्मत गर्नु पर्ने कार्यको विस्तृत विवरण माग गरी मेकानिक्स वा मिस्त्रीको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतबाट मर्मत आदेश स्वीकृत भए पश्चात् मात्र मर्मत सम्भारको कार्य गर्नु गराउनु पर्नेछ ।

(५) मेसिन मर्मत सम्भारका कार्य गर्दा गराउँदा मर्मत नहुञ्जेलसम्मै मेसिन अपरेटर र जिन्सी शाखा प्रमुख वर्कसपमा रही रहनु पर्नेछ ।

९. **ब्याक व्हो लोडर अपरेटर सम्बन्धी व्यवस्था**

(१) ब्याक व्हो लोडर चलाउन स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी नमूना कार्यविधि, २०७५ बमोजिम खुला प्रतिस्पर्धाद्वारा छनौट भई नियुक्त एक मेसिन अपरेटर रहनेछ ।

(२) अपरेटरको तलब स्केल नेपालको प्रचलित कानुनले प्रदान गरे बमोजिमको गाउँकार्यपालिकाले तोके अनुसार अनुसूची-५ बमोजिम हुनेछ । तलब स्केल बाहेकको अतिरिक्त भत्ता मेसिन सञ्चालन भएको प्रतिघण्टाको दरले गाउँकार्यपालिकाले आवश्यक ठानेमा बैठकद्वारा निर्धारण गरी अनुसूची-५ बमोजिम अतिरिक्त भत्ता प्रदान गर्न सकिनेछ ।

(३) अपरेटरको जिम्मेवारी तथा काम, कर्तव्य करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(४) अपरेटरको काममा सहयोग गर्न दफा १० बमोजिमको सञ्चालक समितिले एक जना कार्यालय सहयोगी कर्मचारीलाई सहयोगीका रुपमा खटाउन सक्नेछ ।

(५) मेसिन सञ्चालनसँग सम्बन्धित अपरेटर वा अन्य सम्बन्धित कर्मचारी तथा कुनै पनि व्यक्तिले कार्यालयले दिएको कार्यादेश, कार्यविवरण तथा निर्देशन विपरीतको कार्य गर्नाले मेसिनमा क्षति पुगी कार्यालयलाई हानी नोक्सानी हुन गएमा एकतर्फी करार सम्झौता भङ्ग गरी चल अचल सम्पत्तिबाट समेत सरकारी बाँकी सरह क्षतिपूर्ति असुल उपर गरिनेछ ।

(६) ब्याक व्हो लोडर सञ्चालन भएको प्रत्येक ५०० (पाँच सय) घण्टामा योजना शाखा प्रमुख र प्राविधिकिको सिफारिसमा कार्यालय स्वयंले ब्याक व्हो लोडर सर्भिसिङ्ग गर्नेछ । सर्भिसिङ्ग म्याद थप नगरिकन सम्झौता भन्दा बढी अवधिसम्म अपरेटरले ब्याक व्हो लोडर चलाएमा सोको जिम्मेवारी अपरेटरको हुनेछ ।

अटेर गरी सम्झौता विपरीत चलाएको अवधिको हकमा अपरेटरबाट असुल उपर गरी कारवाही समेत गरिनेछ ।

## १०. ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

(१) ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन गर्नका लागि गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको एक समिति रहनेछ :-

(क) गाउँपालिकाका अध्यक्ष - संयोजक

(ख) पूर्वाधार विकास समितिका संयोजक - सहसंयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) प्राविधिक शाखा प्रमुख इन्जिनियर - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(च) जिन्सी शाखा प्रमुख - सदस्य

(ज) वडाको कार्य गर्दा सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

(झ) योजना शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा पदाधिकारी, कर्मचारी, विशेषज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको कूल सदस्य सङ्ख्यामध्ये ५१% (एकाउन्न प्रतिशत) सदस्य उपस्थित भएमा बैठक बस्न गणपुरक सङ्ख्या पुगेको मानिनेछ । बहुमत सदस्यको निर्णय मान्य हुनेछ । समितिको बैठक भत्ता नेपाल सरकारको मापदण्ड बमोजिम मासिक २ (दुई) वटा बैठक सम्मको मात्र प्राप्त गर्न सकिनेछ ।

(४) सञ्चालक समितिको बैठक प्रत्येक महिना न्यूनतम १ (एक) पटक बस्नेछ र आवश्यकता अनुसार संयोजकको आदेशानुसार सदस्य सचिवले जतिसुकै पटक पनि बोलाउन

सक्नेछ । सो बैठकमा आर्थिक प्रशासन शाखा प्रमुखले प्रत्येक महिनामा अनुसूची-३ बमोजिम मासिक प्रतिवेदन र सोबाट प्राप्त अनुसूची-६ बमोजिमको आय व्ययको विवरण सहितको दफा (७) बमोजिम कोषको यथार्थ अवस्था बैठकमा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

**११. समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोमिज हुनेछ :-

(क) सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगमन गर्ने,

(ख) अपरेटर र सहायक अपरेटरले पालना गर्नु पर्ने आचार संहिता लागू गराउने,

(ग) सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाइ तथा व्यवस्थापन गर्ने,

(घ) सरोकारवालासँग आवश्यकता अनुसार सेवाबारे समीक्षा बैठक गर्ने,

(ङ) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखी सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने,

(च) ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापनको लागि वार्षिक बजेट आय, व्यय तर्जुमा गरी स्वीकृतिको लागि गाउँ कार्यपालिकामा सिफारिश गर्ने ।

(छ) व्याक व्हो लोडर उपयोगको लागि माग भएका निवेदनहरुउपर कारवाही गरी यस कार्यविधिको अधीनमा रही प्राथमिकता निर्धारण गर्ने ।

(ज) प्राप्त निवेदनहरुमध्ये आवश्यकता र प्राथमिकताको आधारमा ब्याक हो लोडरको उपयोगको कार्ययोजना बनाई स्वीकृत गर्ने ।

(झ) ब्याक व्हो लोडरका आवश्यक उपकरणहरु, पार्टसहरु मौज्दातमा राख्ने व्यवस्था मिलाउने ।

(ञ) ब्याक व्हो लोडर चालु अवस्थामा राख्न आवश्यकता अनुसार नियमित मर्मत संभार तथा जाँचको व्यवस्था मिलाउने ।

(ट) आर्थिक दृष्टिकोणले ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापनमा आत्मानिर्भर बनाउन पहल गर्ने ।

(ठ) ब्याक व्हो लोडर सञ्चालन वा उपयोग सम्बन्धी कार्यको अनुगमन तथा सुपरिबेक्षण गर्ने, गराउने र दुरुपयोग भएको देखिएमा त्यसलाई तुरुन्त रोक्ने व्यवस्था मिलाउने ।

(ड) ब्याक व्हो लोडर सञ्चालनमा संलग्न कर्मचारीको कार्य सन्तोषजनक नदेखिएमा कारवाहीको लागि सिफारिस गर्ने ।

(ढ) व्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आइ पर्ने अन्य नीति तथा कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने ।

(ण) यस कार्यविधिमा तोकिए बाहेक आवश्यकता अनुसार अन्य कामकुरा गर्ने गराउने ।

(त) प्रत्येक दिनको मेसिनको माइल मिटर, लगसिट लगायत मेसिनको कार्य अवधि सम्बन्धी परीक्षण तथा मूल्याङ्कन सञ्चालन तथा व्यवस्थापन समितिले तोकेको पदाधिकारीबाट हुनेछ ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थिति अद्यावधिक गरी प्रत्येक आर्थिक वर्षको अन्त्यमा अनुसूची-६ बमोजिमको आय व्ययको विवरण सहितको दफा (७) बमोजिमको कोषको यथार्थ अवस्था गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## १२. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

(१) ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण पक्षको अनुगमन तथा मूल्याङ्न उपाध्यक्षको संयोजकत्वको गाउँपालिकास्तरीय अनुगमन तथा मूल्याङ्न समितिबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिले अनुसूची-८ र अनुसूची-९ बमोजिमको ढाँचाको अनुगमन प्रतिवेदन दफा ( १०) को सञ्चालक समितिमा मासिक रुपमा पेश गर्नु पर्नेछ ।

# परिच्छेद-३
# विविध

## १३. दायित्व र जिम्मेवारी सम्बन्धी व्यवस्था

(१) मेसिनको माइल मिटर, ब्लुबुक, लगसिट लगायतका आधारभूत कार्य अद्यावधिक गरी राख्ने दायित्व तथा जिम्मेवारी मेसिन अपरेटरको हुनेछ ।

(२) मेसिन कार्यालयको पूर्ण रेखदेख र नियन्त्रणमा रहनेछ । मेसिनको पूर्ण सुरक्षा दिनु अपरेटरको प्रमुख दायित्व र जिम्मेवारीभित्र पर्नेछ । गाउँपालिकाका प्राविधिक र जिन्सी शाखा प्रमुखले समेत मेसिन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्नेछ ।

## १४. कार्यविधिमा संशोधन

(१) गाउँकार्यपालिकाको बैठकबाट आवश्यकता अनुसार यो कार्यविधि थपघट, हेरफेर वा संशोधन गर्न सकिनेछ ।

**१५. बीमा सम्बन्धी व्यवस्था :** ब्याक व्हो लोडरको बीमा, तेस्रो पक्ष बीमा र ब्याक व्हो लोडरमा संलग्न अपरेटर र आवश्यकता अनुसार करार सेवामा नियुक्त अपरेटर सहयोगीको दुर्घटना बीमा गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

**१६. बाधा अड्काउ फुकाउ**

(१) यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै किसिमको द्विविधा उत्पन्न भएमा वा बाधा अड्काउ आई परेमा यस कार्यविधिको व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार गाउँकार्यपालिकामा रहनेछ ।

## अनुसूची-१
## (दफा ४ को उपदफा ३ सँग सम्बन्धित)

## ब्याक व्हो लोडर माग निवेदन

श्री खानीखोला गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
साल्मेचाकल, काभ्रेपलाञ्चोक ।

**विषय : ब्याक व्हो लोडर उपलब्ध गराई पाऊँ ।**

यस खानीखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले सञ्चालनमा ल्याएको ब्याक व्हो लोडरको नियमानुसार लाग्ने शुल्क भुक्तानी गर्ने गरी देहायको कामका लागि देहायको संस्थालाई आवश्यक परेकाले देहायको विवरण भरी माग गरेको छु/छौँ ।

ब्याक व्हो लोडर माग गर्नेले भर्ने :-

| मेसिन प्रयोग गर्न माग गर्ने व्यक्ति/संस्था/उपभोक्ता समिति/निर्माण व्यवसायी | कामको विवरण | मेसिन प्रयोग हुने स्थान | माग गरिएको समय र दिन | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

माग गर्नेको दस्तखत : ......................

संस्था/उपभोक्ता समितिको छाप :

**योजना शाखाले भर्ने:**

| गाउँपालिकाबाट खटिने आयोजना स्थलसम्म पुग्न लाग्ने समय | माग गरिएको समय र दिन | कार्य सम्पन्न गर्न लाग्ने समय | कार्य सम्पन्न गर्न लाग्ने शुल्क रु. | बैंकमा दाखिला गर्नु पर्ने शुल्क रु. |
|---|---|---|---|---|
| | | | | |

**योजना शाखाले भर्ने:**

| बैंक भौचर/रसिद नं. र मिति | जम्मा गरिएको रकम रु. | बैंक दाखिला भएको बैंकको नाम र खाता नं. |
|---|---|---|
| | | |

| ....................... | ..................... | .................. | ............... |
|---|---|---|---|
| पेश गर्ने<br>(योजना शाखा) | रुजु परीक्षण गर्ने<br>(अ.सव-इन्जिनियर) | सिफारिस गर्ने<br>(सव-इन्जिनियर) | स्वीकृत गर्ने<br>(इन्जिनियर) |

## अनुसूची-२
## (दफा ४ र ५ को उपदफा ४, ७ र ४ सँग सम्बन्धित)

## ब्याक व्हो लोडर सञ्चालन सम्झौता पत्र

खानीखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, साल्मेचाकल, काभ्रेपलाञ्चोक (यसपछि पहिलो पक्ष भनिएको) र योजना, कार्य सम्पादन गर्ने उपभोक्ता समिति, व्यक्ति, अन्य सङ्घ संस्था (यसपछि दोस्रो पक्ष भनिएको) बीच यस कार्यालयको ब्याक व्हो लोडर देहायको शर्त तथा बन्देजको अधीनमा रही भाडामा सञ्चालन गर्न गराउन यो सम्झौता पत्रमा दुवै पक्ष मञ्जुर भई सहीछाप गरी १/१ (एक/एक) प्रति लियौँ/दियौँ ।

१. आयोजनाको विवरण

- १.१ आयोजनाको नाम :
- १.२ आयोजना स्थल :
  - १.२.१ गाउँपालिका/नगरपालिकाको नाम :
  - १.२.२ वडा नं. :
  - १.२.३ स्थान :
- १.३ आयोजनाको कूल लागत :

  लागत व्यहोर्ने स्रोत तथा रकम :

  (क)

  (ख)

  (ग)

  (घ)

  जम्मा रु. ......................

२. ब्याक व्हो लोडर भाडामा दिने संयोजक/कार्यालयबाट स्वीकृत भएको मिति :

३. ब्याक व्हो लोडर सञ्चालन गर्ने विवरण :

(क) ब्याक व्हो लोडर सञ्चालन गर्ने कार्य दिन :

(ख) ब्याक व्हो लोडर सञ्चालन गर्ने कार्यावधि : मिति : ............... देखि .................. सम्म ।

४. ब्याक व्हो लोडर सञ्चालनका लागि प्राप्त अग्रीम आय रकम रु. ...........................।-

मिति :

५. सम्झौताका शर्त तथा बन्देजहरु :

५.१ दोस्रो पक्षले यस सम्झौतामा तोकिएको आयोजनामा मात्र तोकिएको कार्य दिनको लागि ब्याक व्हो लोडर उपयोग गर्नु पर्नेछ ।

५.२ ब्याक व्हो लोडर र यसमा संलग्न अपरेटर र अपरेटर सहयोगी (संलग्न भएमा मात्र) को सुरक्षा र खाना बस्नको प्रबन्ध दोस्रो पक्षले गर्नु पर्नेछ ।

५.३ ब्याक व्हो लोडर सञ्चालनका लागि आवश्यक इन्धनको व्यवस्था सम्बन्धित दोस्रो पक्षले गर्नु पर्नेछ ।

५.४ गाउँकार्यपालिकाको कार्यालय वा ब्याक व्हो लोडर रहेको स्थलबाट आयोजना स्थलसम्म ढुवानी गरी लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित दोस्रो पक्षले गर्नु पर्नेछ ।

५.५ ब्याक व्हो लोडर अपरेटरले सञ्चालन गर्दा भरेको लगबुकमा दोस्रो पक्ष समेतले सहीछाप गरी प्रमाणित गर्नु पर्नेछ ।

५.६ ब्याक व्हो लोडर सञ्चालन वा उपयोग सम्बन्धी कार्यको अनुगमन तथा सुपरीवेक्षण सञ्चालक समितिका संयोजकबाट प्रमुख प्रशासकीय अधिकृतको समन्वय र

निर्देशनमा सदस्य सचिवले प्राविधिक र जिन्सी शाखा प्रमुख मार्फत गराउनेछ ।

५.७ ब्याक व्हो लोडर सञ्चालनमा दुरुपयोग भएमा वा कुनै विवाद सिर्जना भई सञ्चालन गर्न सक्ने स्थिति नभएमा वा ब्याक व्हो लोडर सञ्चालनमा कर्मचारीको सुरक्षाबारे कुनै समस्या देखिएमा ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन समितिका संयोजक मार्फत प्रमुख प्रशासकीय अधिकृतको समन्वय र निर्देशनमा सदस्य सचिवले तत्काल ब्याक व्हो लोडर फिर्ता गराउनु पर्नेछ ।

५.८ पहिलो पक्ष र दोस्रो पक्ष बीच विवाद भएमा प्रथम पक्षले जुनसुकै बखत ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन समितिका संयोजक मार्फत प्रमुख प्रशासकीय अधिकृतको समन्वय र निर्देशनमा फिर्ता बोलाउनेछ ।

५.९ यान्त्रिक कारण वा भवितव्य परी काबु बाहिरको परिस्थितिमा डोजर वा हेभी मेसिनरी औजार उपकरण नचलेमा अपरेटर तथा सम्बन्धित उपभोक्ता समिति, अन्य सङ्घ संस्था वा फर्मले सो व्यहोरा प्रमाणित गरी तत्कालै कार्यालयको योजना शाखामा जानकारी गराई प्रमाणित गरी राख्नु पर्नेछ ।

५.१० अन्य विषयको हकमा ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम हुनेछ ।

५.११ दोस्रो पक्षले ब्याक व्हो लोडर भाडामा लगेको समयमा उनीहरु बीचको आपसी विवाद, स्थानीयको अवरोधका कारण ब्याक व्हो लोडर सञ्चालन हुन नसकी त्यसै बसेमा २४ (चौबीस) घण्टा विवाद व्यवस्थापनको समयावधि समाप्त भएपछि दोस्रो पक्षले प्रति घण्टाका आधारमा स्थानीय दररेट बमोजिम भाडा रकम तिर्नु पर्नेछ ।

५.१२ ब्याक व्हो लोडर प्रयोग गरे वापत दोस्रो पक्षले पहिलो पक्षलाई स्थानीय दररेट बमोजिमको भाडा रकम दाखिला गरेको बैंक भौचर बराबरको रकम रु. ......................।- उपलब्ध गराएको छ । तर इन्धनको व्यवस्था दोस्रो पक्ष स्वयंले गर्नु पर्नेछ ।

५.१३ कामको प्रकृति र आवश्यकता हेरी कुनै आकस्मिक कार्य, प्राकृतिक प्रकोप तथा विपद्को अवस्था सिर्जना भई पहिलो पक्षले सञ्चालन तथा व्यवस्थापन समितिका संयोजक मार्फत प्रमुख प्रशासकीय अधिकृतको समन्वय र निर्देशनमा ब्याक व्हो लोडर फिर्ता माग गरेमा दोस्रो पक्षले तत्काल फिर्ता पठाउनु पर्नेछ ।

५.१३ ब्याक व्हो लोडर रहेको स्थानबाट प्रस्थान गरेको मिति र समयदेखि नै ब्याक व्हो लोडरको भाडा रकम गणना हुनेछ ।

उपरोक्त बमोजिम गर्न हामी निम्न पक्षहरु मञ्जुर गर्दछौं ।

| **दोस्रो पक्षको तर्फबाटः** | **पहिलो पक्षको तर्फबाटः** |
|---|---|
| उपभोक्ता समिति/अन्य सङ्घ संस्था,व्यक्तिको नाम : | योजना शाखा प्रमुख : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| छाप : | कार्यालयको छाप : |
| फोन नं. : | फोन नं. : |
| मिति : | मिति : |

# अनुसूची-३
## (दफा ५ को उपदफा ९ सँग सम्बन्धित)

## ब्याक व्हो लोडर सञ्चालन लगबुक

ब्याक व्हो लोडर/मेसिनको नं. :
ल.सि.नं. :
प्रयोगकर्ता/संस्था/उपभोक्ता समितिको नाम र ठेगाना :
अपरेटरको नाम :
आयोजनाको नाम र ठेगाना :
२०८०/..../.....गतेदेखि ............................ गते सम्मको दैनिक लगबुक
मेसिनले काम गरेको विवरण

| क्र.सं. | मिति | कार्य विवरण | कार्य सुरु गरेको समय/युनिट | कार्य गरेको समय/युनिट | जम्मा घण्टा | जम्मा रु. | इन्धन | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | डिजेल | मोबिल | ग्रीज | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| क्र.सं. | मिति | कार्य विवरण | कार्य सुरु गरेको समय/युनिट | कार्य गरेको समय/युनिट | जम्मा घण्टा | जम्मा रु. | इन्धन | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | डिजेल | मोबिल | ग्रीज | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

.................................... प्रयोगकर्ता/संस्था/ उपभोक्ता समितिको सहीछाप

.................................. अपरेटरको सही

........................ प्राविधिकको सही

............................. योजना शाखाको सही

...........................
इन्जिनियरको सही

## अनुसूची-४
## (दफा ८ को उपदफा ३ सँग सम्बन्धित)

## ब्याक व्हो लोडर मर्मत निवेदन/आदेश

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
खानीखोला गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
साल्मेचाकल, काभ्रेपलाञ्चोक ।

**विषय : ब्याक व्हो लोडर मर्मत सम्बन्धमा ।**

प्रस्तुत विषयमा खानीखोला गाउँपालिका, गाउँकार्यपालिकाको ब्याक व्हो लोडरको तपसिलको पार्टसमा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाइ दिनु हुन यो निवेदन पेश गरेको छु । श्रीमान्को जो आदेश ।

**तपसिल:**

| क.सं. | समस्या आएको सामान वा पार्टसको विवरण | परिमाण | सामान/पार्टस फेर्नु पर्ने वा मर्मत गर्नु पर्ने | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

...............................

मेसिन अपरेटरको दस्तखत
नाम :
मिति :

इन्जिनियरले भर्ने : उपयुक्त सामान/पार्टस मर्मत गर्नु पर्ने/फेर्नु पर्ने देखिएकाले सिफारिस गर्दछु ।

............................
इन्जिनियरको सहीछाप

....................................
जिन्सी शाखा प्रमुखको सही

.................................................
आर्थिक प्रशासन शाखा प्रमुखको सही
नाम :

..............................
स्वीकृत गर्नेको सहीछाप

# अनुसूची-५
## (दफा ९ को उपदफा २ सँग सम्बन्धित)

## ब्याक व्हो लोडर अपरेटरको सेवा सुविधा

| क्र. सं. | विवरण | मासिक तलब स्केल रु. | कामको अतिरिक्त भत्ता रु. | कामको भत्ता नलिएको अवस्थामा मासिक तलब स्केल रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | अपरेटर | नेपालको प्रचलित कानुनले प्रदान गरे बमोजिमको गाउँकार्यपालिकाले तोके अनुसार | मेसिन सञ्चालन भएको प्रतिघण्टाको दरले गाउँकार्यपालिकाले आवश्यक ठानेमा बैठकद्वारा निर्धारण गरे भए बमोजिम | नेपालको प्रचलित कानुनले प्रदान गरे बमोजिमको गाउँकार्यपालिकाले तोके अनुसार | |
| २. | सहयोगी अपरेटर | नेपालको प्रचलित कानुनले प्रदान गरे बमोजिमको गाउँकार्यपालिकाले तोके अनुसार | मेसिन सञ्चालन भएको प्रतिघण्टाको दरले गाउँकार्यपालिकाले आवश्यक ठानेमा बैठकद्वारा निर्धारण गरे भए बमोजिम | नेपालको प्रचलित कानुनले प्रदान गरे बमोजिमको गाउँकार्यपालिकाले तोके अनुसार | |

## अनुसूची-६
## (दफा १० को उपदफा ४ र ११ को उपदफा २ सँग सम्बन्धित)

## ब्याक व्हो लोडरको आय व्यय विवरण

| आय | | | | | | व्यय | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | डिजेल | | | मोबिल/ग्रिज | | | मर्मत/पार्टस | | |
| लगसिट नं. | मिति | विवरण | कार्य गरेको घण्टा | दर | जम्मा रु. | लि. | दर | जम्मा | लि. | दर | जम्मा रु. | परिमाण | दर | जम्मा रु. |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

.............................
जिन्सी शाखाको सही

..............................
योजना शाखाको सही

.........................
इन्जिनियरको सही

.........................
लेखा प्रमुखको सही

................................................
प्रमुख प्रशासकीय अधिकृतको सही

## अनुसूची-७
## (दफा ४ र ५ को उपदफा ७ र ४ सँग सम्बन्धित)

## कार्यादेश/स्वीकृति

श्री ........................,

.....................।

**विषय : कार्यादेश ।**

श्री ........................... को मिति ........................... को दरखास्त माग निवेदन बमोजिम ब्याक व्हो लोडर सञ्चालन तथा व्ययस्थापन समिति/कार्यालयको मिति ........................ को निर्णयानुसार खानीखोला गाउँपालिका ब्याक व्हो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० को अधीनमा रही तपसिल बमोजिम सञ्चालनका लागि स्वीकृति प्रदान गरी यो कार्यादेश दिइएको छ ।

**तपसिलः**

| मेसिन खटाइएको वडा र आयोजना स्थल | गाउँपालिकाबाट खटाइएको आयोजना स्थलसम्म पुग्न लाग्ने समय | कार्य सम्पन्न गर्न लाग्ने समय | जम्मा समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

.........................

योजना शाखा प्रमुख

## अनुसूची-८
## (दफा ११ को उपदफा २ सँग सम्बन्धित)

## अनुगमन समितिको प्रतिवेदन

ब्याक व्हो लोडर/मेसिनको नं. :

ल.सि.नं. :

प्रयोगकर्ता/संस्था/उपभोक्ता समितिको नाम र ठेगाना : अपरेटरको नाम :

आयोजनाको नाम र ठेगाना :

२०८०/..../..... गतेदेखि .................. गते सम्मको दैनिक लगबुक

**मेसिनले काम गरेको विवरण**

| क.सं. | मिति | कार्य विवरण | कार्य सुरु गरेको समय/युनिट | कार्य गरेको समय/युनिट | जम्मा घण्टा | जम्मा रु. | इन्धन | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | डिजेल | मोबिल | ग्रीज | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| क्र.सं. | मिति | कार्य विवरण | कार्य सुरु गरेको समय/युनिट | कार्य गरेको समय/युनिट | जम्मा घण्टा | जम्मा रु. | इन्धन | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | डिजेल | मोबिल | ग्रीज | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

.............................. प्रयोगकर्ता/संस्था/ उपभोक्ता समितिको सहीछाप

.................. अपरेटरको सही

..................... अनुगमन समिति सदस्यको सही

........................ अनुगमन समिति सदस्यको सही

..................... अनुगमन समिति संयोजकको सही

## अनुसूची-९
## (दफा ११ को उपदफा २ सँग सम्बन्धित)
## अनुगमन समितिको प्रतिवेदन

| आय | | | | | | व्यय | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | डिजेल | | | मोबिल/ग्रिज | | | मर्मत/पार्टस | | |
| लगसिट नं. | मिति | विवरण | कार्य गरेको घण्टा | दर | जम्मा रु. | लि. | दर | जम्मा | लि. | दर | जम्मा रु. | परिमाण | दर | जम्मा रु. |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

| ............................... | .................. | ...................... | ......................... | ...................... |
|---|---|---|---|---|
| प्रयोगकर्ता/संस्था/ उपभोक्ता समितिको सहीछाप | अपरेटरको सही | अनुगमन समिति सदस्यको सही | अनुगमन समिति सदस्यको सही | अनुगमन समिति संयोजकको सही |

**आज्ञाले**
**धनेन्द्र भुजेल**
**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्य रु. राजपत्र प्रकाशन कार्यविधि बमोजिम**